राष्ट्रिय दैनिक
# मेचीकाली सन्देश
Mechikali Sandesh National Daily
२०७६ वैशाख २६ गते बिहीवार (9 May- 2019 Thursday) पृष्ठ ८

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान

## पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल

## पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७६।१।२५*

यस पक्लिहवा क्याम्पसको तिम्ति एक ट्याक्टर र त्यसमा प्रयोग हुने उपकरणहरु खरिद गर्न आवश्यक भएको हुदा इच्छुक रजिष्टर्ड फर्म वा सप्लायर्सहरुबाट तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. बोलपत्र फारम रु. ३०००।- दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको इजाजत पत्र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म लेखा शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिन्छ ।

२. यस कार्यालयबाट खरिद गरेको बोलपत्र फारम नियम अनुसार भरि शिलबन्दी गरी खामको बाहिर कामको विवरण बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औं दिन दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २ बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य गर्न बाधा पर्नेछैन ।

३. शिलबन्दी बोलपत्र आफुले यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड भैरहवा चल्ती हि.नं. ०११००१००४१७७५५००००१ मा आफुले कबोल गरेको अंकको २ देखि ३ प्रतिशतले सिमाभित्र रहि निश्चिम रकम तोकी जमानत वापतको नगद रकम जम्मा गरेको सक्कल बैंक भाउचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र शर्त रहित प्रत्येक आइटममा केरमेट नभएको कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउमा दस्तखत भएको हुनु पर्नेछ समयभित्र प्राप्त नभएको रित नपुगेको सुचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

५. बोलपत्रको मान्य अवधि ९० (नब्बे) दिन हुनेछ ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दररेटमा समावेश भएको मानिनेछ ।

७. बोलपत्रदाताले कामको सम्बन्धमा राम्ररी बुझी शिलबन्दी बोलपत्र भरेको मानिनेछ । बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिनेछ ।

८. शिलबन्दी बोलपत्रको डकुमेन्ट स्पेसिफिकेशन परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. शिलबन्दी बोलपत्रमा नियमानुसार लाग्ने भ्याट दररेट अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

| सि.नं. | कामको विवरण |
|---|---|
| १ | ट्याक्टर र ट्याक्टरमा प्रयोग हुने उपकरण खरिद । |

नोटः यहि वैशाख २५ गते प्रकाशित यस कार्यालयको पुनः बोलपत्र आव्हान सम्बन्धी सूचनामा बुंदा नं. १ मा बोलपत्र फाराम खरिद १५ औं दिन र बुंदा नं. २ मा बोलपत्र दर्ता १६ औं दिन हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको छ ।

**प्रा. डा. कन्हैया प्रसाद सिंह** (क्याम्पस प्रमुख)